श्री ५ को सरकार

## गृह मन्त्रालयको

## सूचना

जिल्ला कार्यालय, रूकुमको प्र. जि. अ. श्री बालेश्वरप्रसाद सिंह तालीमको सिलसिलामा काठमाडौं आउनु भएकोले उहाँ फर्की हाजिर नभएसम्मको लागि सो प्र. जि. अ. पदमा नि. से. नि., २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी राप्ती अञ्चलाधीश कार्यालयका शाखा अधिकृत श्री दुर्गाप्रसाद शर्मालाई मिति २०३८।८।४ देखि का. मु. मुकरर गरिएको छ ।

आज्ञाले–

रामचरण प्रधानाङ्ग

श्री ५ को सरकारको उप-सचिव

श्री ५ को सरकार

## गृह मन्त्रालयको

## सूचना

जिल्ला कार्यालय, खोटाङ्का प्र. जि. अ. श्री परशुराम प्रधान घर बिदा बस्नु भएकोले उहाँ फर्की हाजिर नभएसम्मको लागि सो प्र. जि. अ. पदमा नि. से. नि., २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका प्रशासकीय अधिकृत श्री झंकबहादुर राय-माझीलाई मिति २०३८।८।१२ देखि का. मु. मुकरर गरिएको छ ।

आज्ञाले–

रामचरण प्रधानाङ्ग

श्री ५ को सरकारको उप-सचिव

श्री ५ को सरकार

## गृह मन्त्रालयको

## सूचना

श्री ५ को सरकारको मिति २०३८।९।३ को निर्णयानुसार जिल्ला कार्यालय, काभ्रेपलाञ्चोकका प्र. जि. अ. श्री दामोदरप्रसाद रेग्मीलाई जिल्ला कार्यालय, धनुषाको प्र. जि. अ. (रा. प. प्रथम श्रेणी) पदमा का. मु. मुकरर गरिएकोले सो प्र. जि. अ. पदमा यस मन्त्रालयमा काज रहनु भएका महाकाली अञ्चलाधीश कार्यालयका सहायक अञ्चलाधीश श्री मुकुन्दप्रसाद उपाध्यायलाई काज खटाइएको छ ।

आज्ञाले–

रामचरण प्रधानाङ्ग

श्री ५ को सरकारको उप-सचिव

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४६०